# तिलोत्तमा नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ३) तिलोत्तमा, भाद्र महिना २८ गते २०७६ साल (संख्या ४**

**भाग : २**

तिलोत्तमा नगरपालिका

तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७६ सालको कार्यविधि नं. ४**

## कार्यविधिको नाम : दुग्ध उत्पादक कृषकलाई उत्पादकको आधारमा प्रोत्साहान अनुदान सहगोग कार्यक्रम कार्यबिधि, २०७६

**प्रस्तावना**

तिलोत्तमा नगरपालिका कृषि तथा पशुपंक्षी विकासको क्षेत्रमा निरन्तर कृयाशील रहदै आएको छ । कृषकले उत्पादन गरेका कृषि उपजको लागत न्यूनिकरण गरि उत्पादित बस्तुलाई बजार प्रतिस्पर्धी बनाउँदै कृषकलाई नियमित प्रोत्सहान गरि उत्पादन बृद्धि गराउनुपर्ने आवश्यकता छ । दुग्ध उत्पादन, संकलन तथा वितरण गर्ने दुग्ध सहकारी संस्थालाई जिम्मेवारी बनाई उक्त संस्था मार्फत दूध बिक्री गर्ने कृषकहरुलाई बिक्री परिमाणका आधारमा अनुदान उपलब्ध गराउँदा कृषक बर्गमा उत्साहा बढ्न गई हाल बिद्यमान उत्पादनमा बृद्धि समेत भई कृषकलाई प्रतिस्पर्धी तथा व्यवसयिक बनाउन तिलोत्तमा नगर सरकारले आ.ब २०७६/७७ को नीति तथा कार्यक्रम मार्फत कृषकलाई उत्पादनको आधारमा

प्रोत्सहान अनुदान सहयोग गर्नको लागि बजेटको व्यवस्था भए अनुसार तिलोत्तमा नगरपालिकाले "दुग्ध उत्पादक कृषकलाई उत्पादकको आधारमा प्रोत्साहान अनुदान सहगोग कार्यक्रम कार्यबिधि, २०७६" बनाई अनुदान वितरण प्रकृयालाई व्यवस्थित, सरल, सहज, प्रभावकारी तथा पारदर्शी बनाउन यो कार्यबिधि तयार गरि लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यबिधिको नाम "दुग्ध उत्पादक कृषकलाई उत्पादकको आधारमा प्रोत्साहान अनुदान सहगोग कार्यक्रम कार्यबिधि, २०७६" रहेको छ ।

ख. यो कार्यबिधि तिलोत्तमा नगरपालिका भरी तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमाः

क. "कार्यालय" भन्नाले तिलोत्तमा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, मणीग्राम, रुपन्देही सम्झनु पर्दछ ।

ख. "कार्यबिधि" भन्नाले कार्यालयले तयार पारेको दुग्ध उत्पादक कृषकलाई उत्पादकको आधारमा प्रोत्साहान अनुदान सहगोग कार्यक्रम कार्यबिधि,२०७६ सम्झनु पर्दछ ।

ग. "समिति" भन्नाले दफा ६ अनुसारको समिति सम्झनु पर्दछ ।

**३. उद्येश्यहरुः**

क. दूधको गुणस्तरमा सुधार गरि मापदण्ड अनुसार दुग्ध उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक, प्रतिष्ठीत, सम्मानित एबं दिगो रुपले विकास गर्ने ।

ख. अनुदान वितरण नीतिलाई उत्पादनमा आधारित बनाउने ।

ग. साना तथा सिमान्तकृत कृषकहरुलाई संगठित तथा बजारमुखी बनाउने ।

घ. अनुदान वितरण प्रकृयालाई सरल, सहज, प्रभावकारी तथा पारदर्शी बनाउने ।

४. **कार्यक्रम संचालन प्रकृया**

क. कार्यालयले अनुदान कार्यक्रममा सहभागी हुन ईच्छुक दुग्ध उत्पादक सहकारी संस्थाहरुलाई लक्षित गरी अनुसूची १ को ढाँचामा प्रस्ताव आव्हान गर्नेछ ।

ख. ईच्छुक दुग्ध उत्पादक सहकारी संस्थाहरुले तोकीएको म्याद भित्र अनुसूची २ को ढाँचामा कार्यालयले तोकेका सम्बन्धित वडा कार्यालयहरुमा आवेदन दिनुपर्नेछ । यस कार्यक्रममा सम्मिलित हुन चाहने सहकारी संस्थाले दफा ५ बमोजिम मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।

ग. कार्यालयमा प्राप्त आवेदनहरुलाई मूल्याङ्कन समितिले अनुसूची ३ बमोजिम मूल्याङ्कन तथा प्रमाणीकरण गरी अनुदान व्यवस्थापन समिति समक्ष पेश गर्नेछ ।

घ. अनुदान व्यवस्थापन समितिले मूल्याङ्कन समितिबाट सिफारिस भई आएका आवेदनहरु स्वीकृत गर्नेछ ।

ङ. अनुदानको लागि छनौट भएका दुग्ध उत्पादक सहकारी संघ/संस्थासंग कार्यालयले अनुसूची ४ बमोजिम सम्झौता गर्नेछ ।

छ. सम्झौता पछि छनौट भएका दुग्ध उत्पादक सहकारी संस्थाहरुलाई कार्यालयबाट बिनियोजिट बजेटको परिधिभित्र रही उक्त संस्थाको नाममा संचालन भएको बैंक खातामा अनुदान रकम उपलब्ध गराउने छ ।

ज. अनुदान रकम प्राप्त गर्नको लागि सहकारी संस्थाबाट छनौट भएका कृषकहरुलाई सहकारी संस्थाहरुमा दुध संकलन रेकर्ड तथा अडिट रिपोर्टका आधारमा प्रति लिटर दुधको परल मूल्यमा बढीमा रु. १ (अक्षरुपी रुपैयाँ एक मात्र) थप रकम उपलब्ध गराउनेछ । यदि बिनियोजित रकम भन्दा माग बढि भएमा बजेटको परिधिभित्र रही कृषकहरुलाई दामाशाहीले रकम बितरण गरिनेछ ।

झ. दुग्ध उत्पादक सहकारी संस्थाहरुले आफूमा आबद्ध वा उक्त संस्थामा दुध संकलन गर्ने मापदण्ड पुरा गरेका कृषकहरुलाई अनुदान रकम बैंक/ बित्तीय संस्थामा रहेको खातामा जम्मा गरेको वा ब्यक्तिलाई

बुझाएको प्रमाण सहितको पूर्ण विवरण कार्यालयमा तोकीएको समयमै पेश गर्नुपर्नेछ ।

५. **दुग्ध उत्पादक सहकारी संस्थाको मापदण्डः** दुग्ध उत्पादक सहकारी संस्थाको मापदण्ड देहाय बमोजिमको हुनेछः

क. दैनिक संकलित दूध, दुग्ध उत्पादक सहकारी संस्था आफैले प्रशोधन गर्ने वा अन्य डेरी उद्योगलाई बिक्री गरी दूध र दुग्ध जन्य पर्दाथहरुको बेचबिखनको प्रबन्ध गरेको हुनुपर्नेछ ।

ख. गत आ.बको श्रावण महिना देखि अषाढ मसान्त सम्म गरेको दुधको कारोवारको मासिक अभिलेख प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

ग. दुग्ध उत्पादक सहकारी संस्थामा आबद्ध ५० प्रतिशत भन्दा बढी कृषकहरुले पशु बीमा गरेको हुनुपर्नेछ ।

घ. सहकारीले कारोवार गर्ने गरेको दूधको गुणस्तर न्यूनतम मापदण्ड भित्र परेको हुनुपर्ने ।

ङ. सम्बन्धित सहकारीले आफूमा आबद्ध भएका कृषकहरुलाई मापदण्ड बनाई अनुदान वितरण गरी कार्यालयमा अनुदान वितरण गरेको प्रमाण कार्यालयमा तोकीएको समय भित्र पेश गर्नुपर्नेछ । अनुदान वितरण पारदर्शी तवरले गरेको हुनुपर्नेछ साथै सही तरिकाले अनुदान वितरण गरेको नपाईएमा सहकारी संस्थालाई कार्यालयले कानून बमोजिम कारवाही गर्न सक्नेछ ।

६. **समिति सम्बन्धि व्यवस्थाः**

६.१ कार्यक्रम संचालनको लागि देहाय बमोजिमको अनुदान व्यवस्थापन समिति गठन हुनेछ ।

| | | | |
|---|---|---|---|
| क. | नगर प्रमुख | तिलोत्तमा नगरपालिकाको कार्यालय | संयोजक |
| ख. | प्र.प्र.अ | तिलोत्तमा नगरपालिकाको कार्यालय | सदस्य |
| ग. | शाखा प्रमुख | सहकारी शाखा, ति.न.पा. को कार्यालय | सदस्य |
| घ. | संयोजक | कृ.व्य.प्र. उप-समिति, ति.न.पा को कार्यालय | सदस्य |
| ङ. | शाखा प्रमुख | आर्थिक प्रशासन शाखा, ति.न.पा को कार्यालय | सदस्य |

| | | |
|---|---|---|
| च. शाखा प्रमुख | पशु विकास शाखा, ति.न.पा. को कार्यालय | सदस्य |
| छ. शाखा प्रमुख | कृषि विकास शाखा, ति.न.पा को कार्यालय | सदस्य-सचिव |

६.२ अनुदान व्यवस्थापन समितिले आवश्यकता अनुसार कुनै बिज्ञ, बिशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

६.३ अनुदान व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

क. मूल्याङ्कन समितिवाट मूल्याङ्कन भई आएका प्रस्तावहरु उपर छलफल गरी औचित्य हेरी स्वीकृत गर्ने ।

ख. अधिकतम अनुदान रकम तोक्ने ।

६.४ कार्यक्रम संचालन गर्नको लागि पेश भएका प्रस्तावहरुको मूल्याङ्कन गर्न देहाय बमोजिमको मूल्याङ्कन समिति गठन हुनेछ ।

| | | |
|---|---|---|
| क. कृषि अधिकृत | कृषि विकास शाखा | संयोजक |
| ख. शाखा प्रमुख | प्रशासन शाखा | सदस्य |
| ग. शाखा प्रमुख | आर्थिक प्रशासन शाखा | सदस्य |
| घ. शाखा प्रमुख | पशु विकास शाखा | सदस्य |
| ङ. शाखा प्रमुख | सहकारी शाखा | सदस्य |

६.५ मूल्याङ्कन समितिले आवश्यकता अनुसार कुनै बिशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

६.६ मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) अनुदान कार्यक्रममा सहभागि हुन पेश भएका निवेदनहरुको अनुसूची ३ अनुसार प्रारम्भिक मूल्याङ्कन गर्ने ।

(ख) फिल्ड प्रमाणीकरण टोली गठन तथा सहजीकरण गरी कार्य गराउने ।

(ग) आवश्यकताका आधारमा स्थलगत प्रमाणीकरण गर्ने, अनुगमन तथा मूल्याङ्कन गरी अनुदान व्यवस्थापन समितिमा सिफारिस गर्ने ।

७. **अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धि व्यवस्थाः**
यस कार्यक्रमको अनुगमन कार्यालयले आवश्यकता अनुसार गर्नेछ । अनुगमन/ निरीक्षण प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतले प्रमाणीत गरी आवश्यक भएमा कार्यपालिका बैठक वा अन्य समितिहरुमा पेश गर्नेछ ।

८. **आर्थिक प्रशासन सेवाः** यस कार्यविधि बमोजिम गठन भएका समितिहरुको बैठकमा उपस्थित पदाधिकारीहरुलाई कार्यमा थप जिम्मेवारी तथा प्रोत्सहानको लागि बैठक भत्ता कार्यलयबाट नियमअनुसार उपलब्ध हुनेछ । अनुगमन, मूल्याङ्कन तथा स्थलगत निरीक्षण कार्यमा खटिदा खटाईएका व्यक्तिहरुलाई नियमानुसार भत्ता कार्यालयबाट भुक्तानी हुनेछ ।

९. **थपघट वा हेरफेरः** यस कार्यालयको कार्यान्वयन पक्षलाई थप व्यवस्थित र प्रभावकारी बनाउन कार्यालयले आवश्यकता अनुसार नगरकार्यपालिका बैठकबाट थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

**अनुसूची १**
**तिलोत्तमा नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय, रुपन्देही**

दुग्ध उत्पादक कृषकलाई उत्पादकको आधारमा प्रोत्साहान अनुदान सहगोग कार्यक्रममा कृषकहरुलाई दुग्ध उत्पादक सहकारी संस्था मार्फत अनुदान उपलब्ध गराउने प्रयोजनको लागि प्रस्ताव आव्हानको ढाँचाः

**सूचना**
**(प्रथम पटक प्रकाशन गरिएको मितिः ...............)**

तिलोत्तमा नगरपालिका, नगरकार्यपालिको कार्यालय, मणीग्राम रुपन्देहीको आर्थिक बर्ष २०७६/७७ मा स्वीकृत दुग्ध उत्पादक कृषकलाई उत्पादकको आधारमा प्रोत्साहान अनुदान सहगोग कार्यक्रम अनुसार ईच्छुक दुग्ध उत्पादन सहकारी संस्थाले यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयलमा निम्न अनुसारका कागजात विवरण सहित दूधमा अधिकतम रु. १ प्रति लिटर अनुदानको लागि प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ । आवश्यक संक्षिप्त कार्ययोजना तथा अन्य आवश्यक अनुसूचीहरु सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

आवश्यक कागजातहरुः

१. अनुसूची २ बमोजिमको आवेदन पत्र ।
२. सहकारी संस्था दर्ता प्रमाण पत्रको छायाँप्रति (नविकरण गर्नुपर्ने भएमा सो समेत गरेको) ।
३. पान दर्ता प्रमाण पत्र तथा कर चुक्ता प्रमाण पत्रको छायाँप्रति ।
४. गत आ.बको प्रमाणित अडिट रिपोर्टको छायाँ प्रति ।
५. सहकारीको कार्यसमिति बैठको अनुदान उपलब्ध गराई पाउँ भन्ने व्यहोराको निर्णय प्रति ।
६. अनुसूची ५ बमोजिमको विवरण भरेको विवरण फारम ।
७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

## अनुसूची २

दुग्ध उत्पादक कृषकलाई उत्पादकको आधारमा प्रोत्साहान अनुदान सहगोग कार्यक्रममा सहकारी संस्थाले कार्यालयमा दिने आवेदन पत्रको ढाँचा

मितिः २०७.../...../....

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
तिलोत्तमा नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय, मणीग्राम रुपन्देही ।

**बिषयः दुग्ध उत्पादक कृषकलाई उत्पादकको आधारमा प्रोत्साहान अनुदान सहगोग कार्यक्रममा सहभागी हुन पाउँ ।**

महोदय,

प्रस्तुत बिषयमा ताहाँ कार्यालयको मिति.............................. गते प्रकाशन गरिएको सूचना अनुसार यस ..................................दुग्ध उत्पादक सहकारी संस्था,......................ले दुग्ध उत्पादक कृषकलाई उत्पादकको आधारमा प्रोत्साहान अनुदान सहगोग कार्यक्रमको लागि कार्यक्रममा समाबेश हुन ईच्छुक रहेकाले तपशील अनुसारका कागजात सहित यो निवेदन पेश गरेका छौं ।

**तपशीलः**

१. सहकारी संस्था दर्ता प्रमाण पत्रको छायाँप्रति (नविकरण गर्नुपर्ने भएमा सो समेत गरेको) ।
२. पान दर्ता प्रमाण पत्र तथा कर चुक्ता प्रमाण पत्रको छायाँप्रति ।
३. गत आ.बको प्रमाणित अडिट रिपोर्टको छायाँ प्रति ।
४. सहकारीको कार्यसमिति बैठको अनुदान उपलब्ध गराई पाउँ भन्ने व्यहोराको निर्णय प्रति ।
५. अनुसूची ५ बमोजिमको विवरण भरेको फारम ।
६. ............ नं. वडा कार्यालयको सिफारिस पत्र ।

**निवेदक**
नाम थरः
पदः
ठेगानाः
सम्पर्क नं.
सहकारी संस्थाको नामः
संस्थाको छाँपः

**अनुसूची ३**

कार्यक्रम संचालनका लागि छनौट गर्दा अपनाईने मूल्याङ्कनका आधारहरुः

| आवेदन संस्थाको नाम | मिल्क एनलाईजरको प्रयोग (२५) | दुग्ध उत्पादक कृषक सदस्य संख्या (२५) | दैनिक दूध संकलन र प्रशोधन गरेको परिमाण लीटर (२५) | सरसफाई र अभिलेख व्यवस्थापन (२५) | कूल प्राप्ताङ्क (१००) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

नोटः

- ५० सदस्य संख्या हुने संस्थालाई २० र ५० भन्दा बढी सदस्य संख्या हुने संस्थालाई २५ अंक दिनुपर्नेछ ।
- दैनिक रुपमा न्यूनतम ५००-७५० लिटर दूध उत्पादन गर्ने संस्थालाई २० तथा ७५० लिटर दूध उत्पादन गर्ने संस्थालाई २५ अंक दिनुपर्नेछ ।

मूल्याङ्कन तथा अनुगमन समितिका पदाधिकारीहरुकोः

क्र.सं. नाम थर पद दस्तखत

## अनुसूची ४

## दुई पक्षीय सम्झौता पत्र

तिलोत्तमा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, मणीग्राम रुपन्देही (यस पछि प्रथम पक्ष भनिने) र ..................................दुग्ध उत्पादक सहकारी संस्था, ............................. (यस पछि दोस्रो पक्ष भनिने) बीच उत्पादक कृषकलाई उत्पादकको आधारमा प्रोत्साहान अनुदान सहगोग कार्यक्रममा तपशीलका शर्तहरुको अधिनमा रही यो सम्झौता दुबै पक्षबाट पालना गर्ने/गराउने गरी दुईपक्षीय सम्झौता गरिएको छ ।

**तपशीलः**

१. प्रथम पक्षले दोस्रो पक्षलाई स्वीकृत भए अनुसारको रकम रु. .................... (अक्षरुपी.............................) दोस्रो पक्षलाई बैंक खातामा पेश्की स्वरुप बैंक खातामा एकमुष्ट रुपमा एकाउण्ट पेयी चेक मार्फत जम्मा गरिदिनेछ ।

२. दोस्रो पक्षले वडा समितिका सदस्य समेतको उपस्थितिमा कार्यसमिति बैठक बसी मापदण्ड तयार पारी कृषकलाई कुनै भेदभाव नहुने गरी मापदण्ड बमोजिम अनुदान रकम कृषकलाई एकमुष्ट बितरण गर्नुपर्नेछ ।

३. दोस्रो पक्षले प्रथम पक्ष समक्ष अनुदान उपलब्ध गराएको भरपाई यस सम्झौता पश्चात रकम उपलब्ध भएको बढिमा एक महिना भित्र पेश गर्नुपर्नेछ ।

४. अनुदानको रुपमा प्राप्त रकमलाई कुनै पनि वाहानामा अन्य संचालन तथा व्यवस्थापन खर्चमा कटाउन पाउने छैन ।

५. दोस्रो पक्षले अनुदान रकमको चेक प्राप्त पश्चात एक महिना सम्म पनि कृषकलाई रकम वितरण गर्न नसकेमा वा दुरुपयोग गरेको पाईएमा प्रथम पक्षले कानून बमोजिम कार्यवाहीको लागि प्रकृया अगाडि बढाउन सक्नेछ ।

६. अनुदान वितरण कार्य पारदर्शी तथा प्रभावकारी कार्यान्वयनको लागि दोस्रो पक्षले जिम्मेवारी लिनुपर्नेछ ।

७. यस सम्झौतामा उल्लिखित कुराहरु यसै बमोजिम तथा अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

मितिः २०७६/...../......

| दोस्रो पक्ष | प्रथम पक्ष |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः प्रमुख प्रशासकीय |
| अधिकृत सहकारी संस्थाको नामः | कार्यालयको नामः ति.न.पा |
| ठेगानाः | ठेगानाः मणीग्राम, रुपन्देही |
| छाँपः | छाँपः |

## अनुसूची ५

उत्पादक कृषकलाई उत्पादकको आधारमा प्रोत्साहान अनुदान सहगोग कार्यक्रममा सहभागी हुने दुग्ध उत्पादक सहकारी संस्थाको विवरणः

१. सहकारी संस्थाको नामः

२. ठेगानाः

३. सहकारी दर्ता मितिः

४. कूल सदस्य संख्याः

५. गत बर्षको कूल दूध संकलन लिटरमाः औषत दैनिकः.........लि., मासिकः ...........लि., र बार्षिकः .......लि.

६. गत बर्षको अधिकतम दूध संकलन महिना र परिमाणः ............... महिना, ...............लि.

७. गत बर्षको न्यूनतम दूध संकलन महिना र परिमाणः ............... महिना, ...............लि.

८. मिल्क एनलाईजरको प्रयोगको अवस्थाः भएको/ नभएको ....................

९. बार्षिक साधरण सभाको अवस्थाः भएको/ नभएको

१०. जम्मा संकलन केन्द्रः

११. दूध उत्पादन गर्ने कृषकको संख्याः

१२. पशु बीमा गरेका कृषकको संख्याः

१३. रेकर्ड राख्न कम्प्युटर प्रयोगको अवस्थाः भएको/ नभएको

१४. सहकारीको चिलिङ सेण्टरको अवस्थाः भएको/नभएको भएमा कति क्षमताको भएकोः

१५. दूधको बिबिधिकरणको अवस्थाः भएको/नभएको

१६. सहकारीको संचालक समितिको बैठकको अवस्थाः नियमित/अनियमित

आज्ञाले

प्रमाणीकरण मितिः २०७६/०५/२८

(कृष्णप्रसाद सापकोटा)
प्रमुख प्रशासकीय अधिकृत